# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, चैत्र ११ गते, २०७८ साल (अतिरिक्ताङ्क ४४

## भाग २

### प्रदेश सरकार

### पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८।१२।११ मा स्वीकृत भएको "पर्यटन विकास परिषद् नियमावली, २०७८" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### पर्यटन विकास परिषद् नियमावली, २०७८

पर्यटन ऐन, २०७६ को दफा ४२ र ४४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "**पर्यटन विकास परिषद् नियमावली, २०७८**" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"ऐन"** भन्नाले पर्यटन ऐन, २०७६ सम्झनुपर्छ।

(ख) **"कार्यालय"** भन्नाले मन्त्रालय मातहतका पर्यटन कार्यालय सम्झनुपर्छ।

(ग) **"परिषद्"** भन्नाले नियम ३ बमोजिम गठित पर्यटन विकास परिषद् सम्झनुपर्छ।

(घ) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनुपर्छ।

(ङ) **"कार्यकारी निर्देशक"** भन्नाले नियम ८ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनुपर्छ।

(च) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको पर्यटन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

३. **परिषद्को गठनः** (१) पर्यटकीय गन्तव्यहरुको पहिचान, अध्ययन, अनुसन्धान, संरक्षण, विकास र प्रचार प्रसार गर्न प्रदेश सरकारले पर्यटन विकास परिषद् गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:

(क) मन्त्री, प्रदेशको पर्यटन क्षेत्र हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) प्रदेश योजना आयोगको पर्यटन क्षेत्र हेर्ने सदस्य -सदस्य

(ग) सचिव, प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(घ) सचिव, प्रदेश सरकारको संस्कृति हेर्ने मन्त्रालय -सदस्य

(ङ) सचिव, प्रदेश सरकारको उद्योग हेर्ने मन्त्रालय -सदस्य

(च) सचिव, प्रदेश सरकारको पर्यटन हेर्ने मन्त्रालय -सदस्य

(छ) पर्यटनविद् तथा पर्यटन व्यवसायी मध्येबाट कम्ती दुई जना महिला सहित अध्यक्षले मनोनित गरेका सातजना - सदस्य

(ज) परिषद्को कार्यकारी प्रमुख — सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमका सदस्यको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को अध्यक्षले कुनै मनोनित सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

४. **पर्यटन विकास परिषद् सङ्गठित संस्था हुनेः** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) परिषद्को आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्तिसरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) परिषद्ले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र परिषद्उपर पनि सोही नाममा नालिस उजुर लाग्न सक्नेछ।

(५) परिषद्को आफ्नो कार्य सञ्चालन र व्यवस्थापन मन्त्रालयबाट स्वीकृत विनियम बमोजिम हुनेछ।

**५.** **<u>सदस्यको योग्यता</u>**ः देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति नियम ३ को उपदफा (२) को खण्ड (छ) बमोजिमको सदस्य पदको लागि योग्य मानिनेछः-

(क) नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(ग) प्रचलित कानूनले अयोग्य नभएको,

(घ) लुम्बिनी प्रदेशको पर्यटन व्यवसाय वा विकासको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको।

**६.** **<u>परिषद्को काम, कर्तव्य र अधिकारः</u>** परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रवर्द्धन तथा संरक्षण र पर्यटन सेवा, सुविधा विस्तार गर्ने सम्बन्धमा समन्वय तथा सहजीकरण गर्ने।

(ख) पर्यटक तथ्याङ्क सङ्कलन र अभिलेखीकरण, जनशक्ति विकास, आवश्यक नयाँ जनशक्ति तयार गर्ने र पर्यटन स्थलहरूको पर्यावरण संरक्षण गर्ने कार्यका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने।

(ग) संघीय सरकार, स्थानीय तह, सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थासँग मिलेर प्रदेशको गरिमा, पहिचान

र प्रतिष्ठा सुदृढ हुनेगरी नयाँ पर्यटकीय गन्तव्यको पहिचान र विकास गर्ने।

(घ) पर्यटकहरूलाई सेवा प्रदान गर्ने कार्यमा संलग्न व्यक्ति, संस्था वा निकायहरूको क्रियाकलापमा समन्वय तथा सहजीकरण गर्ने।

(ङ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवम् वित्तीय आधारहरू तयार गरी पर्यटन विकाससँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने र यसका लागि निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्ने, गराउने।

(च) पर्यटनसँग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरूको व्यवस्थित र प्रभावकारी ढङ्गले उपयोग गरी पर्यटकहरूलाई प्रदेशको धार्मिक र साँस्कृतिक महत्वका स्थलहरू, हिमशृङ्खलाहरू तथा मनोरम प्राकृतिक सौन्दर्य र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुको व्यवस्थित ढङ्गले दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने।

(छ) प्रदेशलाई आकर्षक पर्यटन केन्द्रको रूपमा विकास गर्दै लैजान जल, स्थल र वायुमा आधारित मनोरञ्जनपूर्ण तथा साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरूलाई मौलिक संस्कृति र परम्परामा प्रतिकूल असर नपर्नेगरी प्रदेशका विभिन्न भागमा सञ्चालन गर्ने, गराउने र त्यस्ता साहसिक पर्यटन सम्बन्धी कृयाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने।

(ज) सभा-सम्मेलन, व्यापार मेला, सांस्कृतिक तथा युवा महोत्सव, खेलकुद प्रतियोगिता, कला तथा फिल्म महोत्सव लगायत

अन्य रचनात्मक तथा प्रवर्द्धनात्मक पर्यटकीय उत्पादनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्ने।

(झ) विद्यमान पर्यटकीय स्थलको स्तरोन्नति तथा नयाँ पर्यटकीय स्थलहरूको पूर्वाधार निर्माण र विकासमा लगानी गर्न नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने।

(ञ) मुख्य पर्यटन उद्गम बजारहरूमा प्रतिष्पर्धात्मक रूपमा पर्यटन प्रवर्द्धन गरी लुम्बिनी प्रदेशलाई प्रमुख पर्यटन केन्द्रको रूपमा विकास गर्ने, गराउने।

(ट) पर्यटन सम्बन्धी जनचेतनाको लागि विभिन्न तहमा प्रचार-प्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने।

(ठ) पर्यटन सेवा र सुविधाहरूको गुणस्तर सुनिश्चित गर्नको लागि आवश्यक मापदण्ड तथा आचारसंहिता तयार गरी मन्त्रालय समक्ष सिफारिस गर्ने।

(ड) पर्यटन व्यवसायमा संलग्न व्यक्ति वा संस्थालाई प्राविधिक ज्ञान, प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्ने सम्बन्धमा आवश्यक तालिम तथा प्रशिक्षण दिने।

(ढ) पर्यटन व्यवसायको विकासका लागि अध्ययन, अनुसन्धान गरी नीति निर्माणमा प्रदेश सरकारलाई आवश्यक सुझाव तथा परामर्श दिने।

(ण) पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई पर्यटनसँग सम्बन्धित विषयका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने।

(त) प्रदेश सरकारमार्फत नेपाल सरकारको स्वीकृति लिई विदेशी वा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाको सहयोगमा कार्यक्रम सञ्चालन गर्ने।

(थ) पर्यटकीय सेवा तथा सुविधालाई प्रविधिमैत्री गर्ने, गराउने।

(द) परिषद्को आवधिक कार्यक्रम तथा वार्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट स्वीकृत गर्ने।

(ध) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने, गराउने।

(२) प्रदेश सरकारले तोकेका पर्यटन सम्बन्धी अन्य कार्य गर्ने, गराउने।

७. **<u>परिषद्को बैठक सम्बन्धी कार्यविधिः</u>** (१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति र समयमा परिषद्को कार्यालयमा बस्नेछ।

(३) परिषद्को बैठक बस्ने सूचना परिषदको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्यलाई दिनुपर्नेछ।

(४) परिषद्को कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा परिषद्को सदस्य मध्ये जेष्ठ सदस्यले गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्ले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई परिषद्को बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **कार्यकारी निर्देशकको नियुक्तिः** (१) परिषद्को प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी पर्यटन वा विकास क्षेत्रमा कम्तिमा सात वर्षको अनुभव भएको व्यक्तिलाई चार वर्षका लागि परिषद्ले कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ।

(३) उपनियम (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकले प्रदेश सरकारको एघारौं तहको अधिकृत सरह सेवा सुविधा पाउनेछ।

(४) परिषद्ले आवश्यक देखेमा उपनियम (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकलाई थप एक पदावधिका लागि पुनः नियुक्त गर्न सक्नेछ।

(५) उपनियम (२) वा उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यकारी निर्देशकले आफ्नो पद अनुरुपको काम नगरेमा वा परिषद्को हित विपरीत काम गरेमा परिषद्को बहुमतको निर्णय बाट निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ।

(६) उपनियम (५) बमोजिम पदबाट हटाउनु अघि कार्यकारी प्रमुखलाई आफ्नो पक्षमा सफाइ पेश गर्ने उचित अवसर प्रदान गर्नुपर्नेछ।

९. **कार्यकारी निर्देशकको काम, कर्तब्य र अधिकारः** (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को निर्णय एवम् निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने।

(ख) परिषद्को दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने, गर्न लगाउने।

(ग) परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने।

(घ) अध्यक्षको आदेशानुसार समितिको बैठक बोलाउने।

(ङ) परिषद्प्रति उत्तरदायी भई काम गर्ने।

(छ) परिषद्को प्रशासकीय प्रमुखको हैसियतले परिषद्को उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरू गर्ने।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कार्यकारी प्रमुखले परिषद्ले तोके बमोजिमका अन्य काम, कर्तव्य र अधिकारहरू प्रयोग गर्न सक्नेछ।

**१०. <u>परिषद्का कर्मचारीः</u>** (१) परिषद्को कार्यसञ्चालन गर्नको लागि आवश्यक संगठन संरचना र दरबन्दी परिषद्ले निर्णय गरेबमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम स्वीकृत दरबन्दीमा परिषद्ले प्रदेश लोक सेवा आयोगको सिफारीसमा आवश्यक कर्मचारीहरू नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम नियुक्त कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू प्रदेश सरकारले तोकेको मापदण्ड विपरीत नहुने गरी स्वीकृत विनियमावलीमा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम नियुक्त परिषद्का कर्मचारीहरूले परिषद् र कार्यकारी प्रमुखप्रति उत्तरदायी भई काम गर्नुपर्नेछ।

(५) परिषद्ले आफ्ना कर्मचारीहरु नियुक्त नगरेसम्म मन्त्रालयले परिषद्को कार्यसञ्चालनको लागि आवश्यक कर्मचारी खटाउन सक्नेछ।

**११. <u>परिषद्को कोषः</u>** (१) परिषद्को कार्य सञ्चालनका लागि एउटा छुट्टै कोष हुनेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायको रकम रहनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

(ग) विदेशी सरकार, व्यक्ति, अन्तर्राष्ट्रिय सङ्घ वा संस्थाबाट अनुदान स्वरुप प्राप्त रकम,

(घ) परिषद्ले उपलब्ध गराएको सेवा वापत प्राप्त रकम, वा

(ङ) अन्य कुनै शर्तबाट प्राप्त रकम।

(३) उपनियम (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुपूर्व परिषद्ले प्रदेश सरकारमार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्ले उपनियम (१) बमोजिमको कोषमा रहने रकम नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त बाणिज्य बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ।

(५) परिषद्को नामबाट गरिने सबै खर्च उपनियम (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

**१२. <u>परिषद्को कोषको लेखाः</u>** (१) परिषद्को आय-व्ययको लेखा महालेखापरीक्षकले तोकेको ढाँचा बमोजिम राख्नुपर्नेछ।

(२) परिषद्को लेखा कार्यकारी निर्देशक र परिषद्को लेखा सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ।

(३) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ।

(४) परिषद्को अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

(५) प्रदेश सरकारले चाहेमा परिषद्को आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

**१३. <u>बैठक भत्ताः</u>** सदस्यले परिषद्को बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता र यातायात खर्च प्रदेश सरकारले तोकेको मापदण्डका आधारमा हुनेछ।

१४. **प्रतिवेदन पेश गर्नुपर्नेः** परिषद्ले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्र आफूले सम्पादन गरको कामको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१५. **निर्देशन दिन सक्नेः** (१) मन्त्रालयले परिषद्द्वारा गरिने काम कारबाहीको सम्बन्धमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

१६. **अधिकार प्रत्यायोजनः** परिषद्ले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. **प्रदेश सरकारसँग सम्पर्कः** परिषद्ले आफ्नो काम कारबाहीको सिलसिलामा प्रदेश सरकारसँग सम्पर्क राख्नुपर्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१८. **परिषद्को कार्यालयः** परिषद्को कार्यालय मन्त्रालयको समन्वयमा परिषद्ले तोकेको सम्बन्धित क्षेत्रको उपयुक्त स्थानमा रहनेछ।

१९. **कार्यविधि बनाउन सक्नेः** (१) यस नियमावली बमोजिम परिषद्ले आन्तरिक कार्यसञ्चालन गर्न आवश्यक विनियमावली, कार्यविधि बनाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बनेको विनियमावली, कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

प्रदेश सरकार (मन्त्रिपरिषद्) निर्णय मिति २०७८।१२।११

**आज्ञाले,**
**महेशचन्द्र न्यौपाने**
**प्रदेश सचिव**